**आकाशवाणी समाचार- नेपाली**

मितिः ०५ जनवरी २०२६

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमंत्री नरेंद्र मोदीले हिज उत्तर प्रदेशको वाराणसीमा ७२औँ राष्ट्रिय भलिबल प्रतियोगिताको भर्चुअल माध्यमबाट शुभारंभ गर्नुहुदै वॉलीबॉल र भारतको विकास गाथाको बीच समानताहरु बताउनु हुदै टीमवर्क, संतुलन र दृढ़ संकल्पलाई साझा सूत्र बताउनु भएको छ|

- केन्द्रीय गृहमन्त्री अमित शाहले राज्य प्रशासनलाई गान्धीनगरमा टाइफाइडको सामना गर्न युद्धस्तरमा कार्य गर्न आग्रह गर्नु भएको छ।

- रक्षा मन्त्री राजनाथ सिंहले आज गोवामा प्रदूषण नियन्त्रण पोत समुद्र प्रतापको लोकार्पण गर्नुहुनेछ।

- केन्द्रीय कृषि मन्त्री शिवराज सिंह चौहानले हिजो नयाँ दिल्लीमा भारत चीनलाई उछिन्दै विश्वको सबैभन्दा ठूलो धान उत्पादक देश बनेको घोषणा गर्नुभएको छ।

- विदेश मंत्री डा. सुब्रह्मण्यम जयशंकर हिज राति फ्रांस र लक्जमबर्गको औपचारिक भ्रमणमा प्रस्थान गर्नुभएको छ।

- अमेरिकाका विदेशमन्त्री मार्को रुबियोले भेनेजुएलाको सरकारमा अमेरिकाले दैनिक भूमिका नखेल्ने बताउनु भएको छ।

**प्रधानमंत्री ७२औँ राष्ट्रिय भलिबल प्रतियोगिता**

प्रधानमंत्री नरेंद्र मोदीले हिज उत्तर प्रदेशको वाराणसीमा ७२औँ राष्ट्रिय भलिबल प्रतियोगिताको भर्चुअल माध्यमबाट शुभारंभ गर्नुहुदै
वॉलीबॉल र भारतको विकास गाथाको बीच कयौ समानताहरु रहेको बताउनु हुदै टीमवर्क, संतुलन र दृढ़ संकल्पलाई साझा सूत्र बताउनु भएको छ|

**BYTE**

प्रधान मन्त्री श्री नरेन्द्र मोदीले सन् २०१४ देखि खेलकुदमा भारतको प्रदर्शनमा निरन्तर सुधार भइरहेको बताउनुभएको छ। श्री मोदीले भन्नुभयो, सरकारले खेलकुदको क्षेत्रमा धैरै सुधारहरू ल्याएको छ।

**BYTE**

**संशो. अमित शाह-गुजरात टाइफाइड**

केन्द्रीय गृहमन्त्री अमित शाहले राज्य प्रशासनलाई गान्धीनगरमा टाइफाइडको सामना गर्न युद्धस्तरमा काम गर्न आग्रह गर्नु भएको छ। राज्यका उपमुख्यमन्त्री हर्ष सांघवी र वरिष्ठ अधिकारीहरूसँग भर्चुअल माध्यमबाट विस्तृत समीक्षा बैठकपछि श्री शाहले टाइफाइडको लक्षण देखिएका ११३ बिरामीहरूलाई विशेषज्ञ डाक्टरहरूबाट तुरुन्त उपचार गर्न निर्देशन दिनुभएको छ। गान्धीनगरको सेक्टर २४, २८ र आदिवाडा क्षेत्रमा टाइफाइड फैलिएको छ र यो पाइपलाइनमा चुहावटका कारण दूषित पानीको आपूर्तिसँग जोडिएको छ। श्री शाहले पानीको पाइप तत्काल मर्मत गर्न निर्देशन दिनुभयो र निजामती अस्पतालमा सबै बिरामी र उनीहरूका आफन्तहरूलाई भोजन र अन्य सुविधा उपलब्ध गराउन निर्देशन दिनुभयो।स्वास्थ्य अधिकारीहरुका अनुसार टाइफाइडका १ सय १३ बिरामीमध्ये १९ जना डिस्चार्ज भएका छन् भने ९४ जना सिभिल अस्पताल र सहरी स्वास्थ्य केन्द्रमा उपचार गराइरहेका छन्। गान्धीनगर निगमले २०,हजार ८सय घरहरूको सर्वेक्षण गर्न र ३०,हजार क्लोरिन ट्याब्लेट वितरण

गर्न ७५ स्वास्थ्य टोलीहरू खटाएको छ। टाइफाइड फैलिन नदिन सबै प्रभावित क्षेत्रहरूमा ओपीडी सेवा चौबीसै घण्टा सञ्चालन गरिएको छ।

**समुद्र प्रताप**

रक्षा मन्त्री राजनाथ सिंहले आज गोवामा प्रदूषण नियन्त्रण पोत समुद्र प्रतापको लोकार्पण गर्नुहुनेछ। कोस्ट गार्डको यो पहिलो स्वदेशी निर्मित जहाज हो ।लगभग १सय १५ मिटर लामो जहाजको ६० प्रतिशतभन्दा बढी हिस्सा स्वदेशी उपकरणबाट बनेका छन् । ४हजार ,२ सय टन वजनको जहाजको गति २२ समुद्री मील प्रति घण्टा भन्दा बढी छ र यसले एक पटकमा ६ सय नटिकल माइलको दूरी पार गर्न सक्छ। जहाजले समुद्री प्रदूषण नियन्त्रण र खोज र उद्धार कार्यमा सहयोग पुर् याउँनेछ र देशको विशेष आर्थिक क्षेत्रको सुरक्षा सुनिश्चित गर्नेछ। यो औपचारिक रूपमा गत वर्ष डिसेम्बरमा कोस्ट गार्डलाई हस्तान्तरण गरिएको थियो। समुद्र प्रताप को समावेशले भारतीय तटरक्षक बलको संचालनगत क्षमता बढ्नेछ तथा समुद्री सुरक्षा, पर्यावरण सरंक्षण र घरेलू रक्षा विनिर्माणलाई पनि बढ़ावा मिल्नेछ।

**चौहान-धान उत्पादन**

भारत चीनलाई उछिन्दै विश्वको सबैभन्दा ठूलो धान उत्पादक देश बनेको छ । केन्द्रीय कृषि मन्त्री शिवराज सिंह चौहानले हिजो नयाँ दिल्लीमा यो घोषणा गर्नुभयो। देशमा धान उत्पादन १५ करोड १ लाख ८० हजार टन पुगेको छ भने चीनमा १४ करोड ५२ लाख ८० हजार टन रहेको उहाँले जानकारी दिनुभयो । श्री चौहानले भारतले अहिले विदेशी बजारमा पनि चामल आपूर्ति गरिरहेको बताउनु भयो ।

कृषि मन्त्रीले हिजो दिल्लीमा भारतीय कृषि अनुसन्धान परिषद्द्वारा विकसित २५ बालीहरूका १८४ उन्नत प्रजातिहरू प्रदर्शन गर्नुभयो।

श्री चौहानले भन्नुभयो, देशले उच्च उत्पादन दिने बालीको विकासमा ठूलो सफलता हासिल गरेको छ।उहाँले यी नयाँ जातहरू जतिसक्दो चाँडो किसानसम्म पुगोस् भन्ने सुनिश्चित गर्न अधिकारीहरूलाई निर्देशन दिनुभयो । कृषिमन्त्रीले भन्नुभयो, यसले किसानहरूलाई उच्च उत्पादन र राम्रो गुणस्तरको बाली प्राप्त गर्न मद्दत गर्नेछ।उहाँले सबै किसानलाई उच्च गुणस्तरको बीउ उपलब्ध गराउनुपर्ने बताउनु भयो । उहाँले कृषि वैज्ञानिकहरूलाई देशलाई आत्मनिर्भर बनाउनका लागि दलहन र तेलहनको उत्पादन बढाउनमा ध्यान केन्द्रित गर्न आग्रह गर्नुभयो।

श्री चौहानले उच्च उत्पादन र जलवायु उत्थानशील बीउको सहयोगमा देश कृषि क्रान्तिको युगमा पुगेको बताउनु भयो । भारतीय कृषि अनुसन्धान परिषद्को समन्वयित परियोजनाहरू, राज्य र केन्द्रीय कृषि विश्वविद्यालयहरू र निजी बीउ कम्पनीहरूको सामूहिक प्रयासका कारण यो उपलब्धि सम्भव भएको उहाँले बताउनु भयो ।

**BYTE**

**जयशंकर- लक्जमबर्ग**

विदेश मंत्री डा. सुब्रहण्यम जयशंकर हिज राति फ्रांस र लक्जमबर्गको औपचारिक भ्रमणमा प्रस्थान गर्नुभयो। एक सप्ताहको भ्रमण अवधि डा. जयशंकरले पेरिसमा फ्रांसका विदेश मंत्री ज्यांग नोएल बारोतसित बातचीत गर्नुहुनेछ । मुख्य रूपले दुई देशहरुको बीच रणनीतिक साझेदारी र वैश्विक मुद्दाहरु माथि बातचीत हुनेछ । विदेश मंत्रालयले बताए अनुसार डा. जयशंकरले फ्रांसका राजदूतहरुको 31औ सम्मेलनलाई पनि संबोधन गर्नुहुनेछ ।

भ्रमणको दोस्रो चरणमा विदेश मंत्री लक्जमबर्ग जानुहुनेछ । लक्जमबर्गका उप-प्रधानमंत्री र विदेश मंत्री जेबियर बीटलको साथ् उहाँको बातचीत हुने कर्यक्रम रहेको छ ।उहाँले जक्जमबर्गमा भारतीय समुदायहरु सित पनि भेटवार्ता गर्नुहुनेछ ।

**रुबियो - वेनेजुएला शासन**

अमेरिकाका विदेशमन्त्री मार्को रुबियोले भेनेजुएलाको सरकारमा अमेरिकाले दैनिक भूमिका नखेल्ने बताउनु भएको छ । रुबियोले भेनेजुएलामा लगाइएको 'तेल नाकाबन्दी' लाई अमेरिकाले कडाइका साथ कार्यान्वयन गर्ने बताउनु भएको छ । यसअघि अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले निकोलस मदुरोलाई पदबाट हटाएपछि भेनेजुएलाको प्रशासन अमेरिकाले आफ्नो

हातमा लिन सक्ने बताएका थिए।   यसैबीच, भेनेजुएलाका एक उच्च अधिकारीले राष्ट्रपति निकोलस मदुरोको नेतृत्वमा देशको सरकार एकताबद्ध रहने घोषणा गरेका छन्। संयुक्त राज्य अमेरिकाद्वारा मदुरोको गिरफ्तारीले तेलको धनी दक्षिण अमेरिकी देशको भविष्यलाई लिएर गहिरो अन्योल सिर्जना गरेको छ। मदुरो न्यूयोर्कको एक हिरासत केन्द्रमा छन्। उनी लागूऔषधको आरोपमा भोलि अदालतमा उपस्थित हुनेछन्।उपराष्ट्रपति र तेल मंत्री डेल्सी रोड्रिगेजले वेनेजुएलाको अंतरिम नेताको रूपमा पदभार संभालेका छन् र मदुरोनै राष्ट्रपति हुन् भनि उहाँले बताउनु भएको छ|